# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

बहुपक्षीय आधारमा केन्द्रीय बैंकहरुबीच हुने अन्तर क्षेत्रीय कारोवारको भूक्तानीलाई व्यवस्थीत गर्ने उद्देश्यले सन् १९७४ मा स्थापना भएको एसियन क्लियरिङ्ग युनियन (Asian Clearing Union,(ACU)) को प्राविधिक समितिको बैठक नेपाल राष्ट्र बैंकको आयोजनामा मिति २०६९।२।२ गते (मे १५,२०१२) देखि पोखरामा सुरु भयो ।

त्यसैगरी ACU को संचालक समितिको एकचालिसौं बैठक मिति २०६९।२।३ गते (मे १६,२०१२) देखि सुरु हुंदैछ । यस बैठकमा सदस्य राष्ट्रहरुबीच व्यापार भूक्तानीका सन्दर्भमा हुने समस्याहरु र समाधान बारेमा छलफल हुनेछ । उक्त बैठकमा यसका सदस्य राष्ट्रहरु बंगलादेश, भुटान, भारत, ईरान, मालदिभ्स, म्यानमार, नेपाल, पाकिस्तान, श्रीलंकाका साथै पर्यवेक्षकको रुपमा अफगानिस्तानको सहभागिता रहेको छ । यस बैठकमा ACU का सदस्य राष्ट्रका केन्द्रीय बैंकका गभर्नर तथा प्रतिनिधिहरुका साथै अन्य पदाधिकारीहरुको सहभागीता रहने छ ।

साथै, SAARC क्षेत्रका केन्द्रीय बैंकका गभर्नरहरु तथा अर्थ सचिवहरुको क्षेत्रीय नेटवर्कको रुपमा सन् १९९८ मा स्थापना भएको सार्क फाईनान्सको गभर्नरहरुको सम्मेलन र समूह बैठक पनि मिति २०६९।२।३ गते (मे १६,२०१२) देखि ACU को बैठकसंगै सुरु हुदैछ । यस बैठकमा २००७/०८ को आर्थिक संकटको अनुभव, खाद्य वस्तुको मुल्यको उतार चढाव र मुद्रा स्फिति हटाउने उपाय, खाद्य वस्तुको उत्पादन र खाद्य सुरक्षा व्यवस्था र सार्क मुलुकहरुकाबीच खाद्य मुद्रा स्फिती हटाउने विषयमा छलफल केन्द्रीत हुनेछ । उक्त बैठकमा बंगलादेश, भुटान, भारत, ईरान, मालदिभ्स, म्यानमार, नेपाल, पाकिस्तान, श्रीलंका, अफगानिस्तान का साथै एसियाली विकास बैंक र विश्व बैंकका प्रतिनिधिहरुको समेत सहभागिता रहने छ ।

नेपालमा आयोजना हुन लागेको यो सम्मेलन ऐतिहासिक र महत्वपूर्ण हुने विश्वास गरिएको छ । यो सम्मेलन मिति २०६९ जेठ ४ (मे १७, २०१२) मा सम्पन्न हुनेछ ।

२०६९ जेठ २ गते मंगलबार

गभर्नरको कार्यालय